"वातावरणीय स्वास्थ्यः सामुदायिक मार्गदर्शन" स्वास्थ्यकर्मी, शिक्षक, सामुदायिक कार्यकर्ता, विकासकर्ता र आफू र आफ्नो समुदायको स्वास्थ्य सुधार्न चाहने जो कोहीको पनि फाइदाको लागि विश्वभरको समुदायबाट संकलित विभिन्न विचार, विधि, कथाहरू र व्यवहारिक समाधानहरूको संकलन हो ।

## यस पुस्तकलाई कसरी प्रयोग गर्ने:



सबै समुदाय र सबै संस्कृतिको आफ्नो स्वास्थ्य र प्राकृतिक स्रोत बचाउने आफ्नै तरीका हुन्छ । यस पुस्तकले तपाईंहरूको सामुदायिक स्रोत बचाउन अझ मद्दत गर्नेछ भन्ने हाम्रो आशा छ । यदि पुस्तकमा दिइएको सल्लाहले चाहेअनुसारको परिणाम नल्याए, कथाहरू तपाईंको स्थितिसँग मेल नखाए, अथवा केही सामग्री बचाउन दिएको निर्देशन तपाईंको आवश्यकतासँग मिल्दैन भने परीक्षण गर्नुहोस् र यहाँ दिइएको निर्देशनमा थप गरी विभिन्न समस्याहरू समाधान गर्ने प्रयास गर्नुहोस् ।

यस पुस्तकमा विषय खोज्न विषय सूचीको प्रयोग गर्नुहोस् । विषय सूचीमा भएको क्रमअनुसार पुस्तकमा अध्यायहरू राखिएको छ । विषय सूचीपछि तपाईंहरूलाई चाहिएको विषय खोज्नको लागि मद्दत गर्न विभिन्न कार्यहरू, कथाहरू, निर्देशनहरू पुस्तकमा समावेश गरिएको छ । हरेक अध्यायको अगाडि, त्यस अध्यायमा के के रहेका छन्, त्यसको विस्तृत सूची पनि दिइएको छ ।

### चित्रहरू

यस पुस्तकमा विश्वभरका मानिसहरूलाई देखाइएको छ । केही मानिसहरू तपाईंको समुदायको मानिसहरू जस्ता पनि छन् । मानिसहरू जहाँ बसोबास गरे पनि, जस्तो पहिरन लगाए पनि वा बस्ने घर जस्तोसुकै देखिए पनि उनीहरू वातावरणीय स्वास्थ्य समस्या समाधान गर्ने कार्यहरू गरिरहेका छन् ।

### विभिन्न कोष्ठकको अर्थ के हो ?

पुस्तकमा विभिन्न जानकारीहरू कथा (खैरो कोष्ठकभित्र), कार्य, निर्देशन र साधारण कुरा जानकारीको रूपमा दिइएको छ ।

### पुस्तकको पछाडि थप जानकारी

प्रमुख अध्यायपछि तीनवटा अनुसूचीहरू रहेका छन् । अनुसूची १ मा, आकस्मिक सुरक्षाको बारेमा योजना बनाउनेदेखि लिएर चाहिने सुरक्षाको सामग्रीहरूबारे वर्णन गरिएको छ । अनुसूची २ मा वातावरणीय न्यायको लागि कानुनी उपचारको बारेमा चर्चा गरिएको छ । अनुसूची ३ मा अहिले संसारभरी वातावरणीय र स्वास्थ्यसम्बन्धी समस्याहरूमा स्वास्थ्यजन्य फोहरमैला र पप्स, मर्करीमुक्त स्वास्थ्य सेवा, लिडमुक्त घर तथा फर्निचर रङ्गाउने पेन्टहरू, विद्युतीय फोहर व्यवस्थापन, सी.एफ.एल् चिम र वातावरण, पी.सी.बी. आदि सम्बन्धी समस्या र समाधानका उपायहरूको बारेमा विस्तृत चर्चा गर्दै यसको समाधानार्थ जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रले गरेका प्रयासहरूको बारेमा पनि चर्चा गरिएको छ । यसका साथै वातावरणीयमैत्री तथा सुरक्षित स्कुलसम्बन्धी समस्याहरूको समाधानको उपायहरू पहिल्याउने कोशिस गरिएको छ ।

# सम्पादकको परिचय



रामचरित्र साह

रामचरित्र साह, सगरमाथा अञ्चलको सिरहा जिल्ला, बडहरामाल, वडा नं. ७ मा वि.स. २०२७ असार ३० गते जन्मनु भएको हो । उहाँले रा.रा.व. क्याम्पस जनकपुरधामबाट विज्ञान विषयमा प्रथम श्रेणीमा स्नातक गर्नुका साथै वन विज्ञान अध्ययन संस्थान पोखराबाट विशिष्ट श्रेणीमा वन विज्ञानमा पनि स्नातक उपाधि हाँसिल गर्नुभएको छ । उहाँ स्वर्गीय राजा वीरेन्द्र शाहदेवको राज्याभिषेक रजत जयन्तीको उपलक्ष्यमा गणतन्त्र भारत सरकारको तर्फबाट नेपाललाई प्राप्त रजतजयन्ती छात्रबृत्तिका लागि सन् १९९६ मा छनौट भई बेङ्लौर विश्वविद्यालयबाट सन् १९९८ मा विशिष्ट श्रेणीमा वातावरण विज्ञानमा स्नात्तकोत्तर उपाधि हाँसिल गर्नुभयो । उहाँले उक्त विश्वविद्यालयमा दोश्रो स्थान हाँसिल गर्नुभएको हो ।

त्यसपश्चात उहाँ सन् १९९९ जनवरी १ तारिखदेखि करिब साढे दुई वर्ष तत्कालीन श्री ५ को सरकार, वन तथा भूसंरक्षण मन्त्रालयअर्न्तगत भू तथा जलाधार संरक्षण विभागबाट सञ्चालित बाग्मती एकीकृत जलाधार संरक्षण आयोजनामा सहायक भूसंरक्षण अधिकृत/वातावरण संयोजक रूपमा काम गर्नुभयो । वातावरण संरक्षणको क्षेत्रमा आफ्नो योगदानलाई फराकिलो पार्न सरकारी सेवाबाट अवकाश लिई सन् २००१ जुनदेखि जनहित संरक्षण मञ्च (प्रो पब्लिक) मा वातावरण वैज्ञानिकको रूपमा करिब ४ वर्ष अटुट कार्य गर्नुभयो । प्रो पब्लिकमा रहँदा वातावरणका सैद्धान्तिक एवं व्यवहारिक अवधारणाहरूलाई वातावरणीय न्यायका सम्बन्धित कानुन र मान्यताहरूसँग सामान्जस्यता कायम गरी वातावरणीय न्यायको क्षेत्रमा सक्दो योगदान पुऱ्याउनु भयो । यस्तै सन् २००४ मा गैरसरकारी संस्थाहरूको साझा मञ्च शहरी खानेपानी तथा सरसफाईको लागि गैरसरकारी संस्थामा अनुसन्धानकर्ताको रूपमा काम गरी नागरिक समाजको तर्फबाट शहरी गरिब एवं सुकुम्बासीहरूको खानेपानी तथा सरसफाईसम्बन्धी हकहित संरक्षण गर्ने काममा मद्दत पुऱ्याउनु भयो । त्यसै गरी तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय (हाल वातावरण मन्त्रालय) अन्तर्गत सञ्चालित POPs Enabling Activities Project मा विशेषज्ञको रूपमा कार्य गरी नेपालका लागि तयार पारिएको दिर्घायी प्रदूषकहरू (पप्स) सम्बन्धी राष्ट्रिय कार्ययोजना (National Implementation Plan) तयार पार्न योगदान पुऱ्याउनु भयो । जसको हाल कार्यान्यवयन भैरहेकोमा वहाँ निकै सन्तुष्ट हुनुहुन्छ ।

सन् २००५ देखि हालसम्म उहाँ वातावरणको विभिन्न विषयवस्तुसम्बन्धी अध्ययन अनुसन्धानमा आधारित वातावरण तथा जनस्वास्थ्य सम्बन्धित समस्याहरूको दिगो सामाधान पहिल्याउने उद्देश्यले जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (Center for Public Health and Environmental Development–CEPHED) का कार्यकारी निर्देशक एवं वातावरण वैज्ञानिकको रूपमा कार्यरत रहनुभई नेपालमै पहिलो पटक गैरसरकारी संस्थाको तर्फबाट वातावरणका विभिन्न नयाँ विषयहरू जस्तैः विद्युतीय तथा विद्युतकणीय फोहर, सी.एफ.एल. चीम र वातावरण, घर तथा फर्निचर रंगाउने रंगहरूमा लिड (सिसा) सम्बन्धी अध्ययन, मर्करीमुक्त स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा विकास, मर्करीयुक्त रसायन तथा उपकरणहरू फुटेको खण्डमा पोखिएको मर्करीलाई उचित तवरले सङ्कलन गरी सुरक्षित भण्डारण गर्न, पोखिएको मर्करी संकलन गर्न, मर्करी व्यवस्थापन टुलकिटको विकास गरी देशभरीका २५० भन्दा बढी स्वास्थ्य संस्थाहरूलाई निःशुल्क वितरण गरिसकेको छ । वातावरणमैत्री स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन र दिर्घायी प्रदूषकहरू (पप्स) सम्बन्धी अध्ययन तथा नमूना अस्पतालको विकास, पोलीक्लोरीनेटेड वाइफिनाइल (पी.सी.बी.) युक्त बिजुलीको तेलबाट जनस्वास्थ्य तथा वातावरणमा पर्ने असरहरू सम्बन्धी अध्ययन तथा जनचेतनासम्बन्धी कार्यहरू गर्दै आउनुभएको छ । साथै हजारौंको संख्यामा रहेका ग्रिल उद्योगहरूमा उपयोग भैरहेको पी.सी.बी. युक्त बिजुलीको तेलमा आधारित वेल्डिङ्ग मेसिनको प्रयोगबाट निस्कने पप्समा खासगरी पी.सी.बी., डाईअक्सिन र फ्यूरानको उत्सर्जन घटाउनका लागि एक ग्रिल उद्यमीलाई वैकल्पिक सुख्खा वेल्डिङ्ग मेसिन पनि प्रदान गरी नमूना ग्रिल उद्योग सञ्चालनमा पनि मद्दत पुऱ्याएको छ । यसका लागि उहाँलाई ग्रिल व्यवसायी संस्था नेपालले ग्रिल व्यवसाय राष्ट्रिय सम्मान २०६८ ले सम्मानित गरेको छ । साथै पी.सी.बी. र अन्य समस्याहरू सम्बन्धी अध्ययन, अनुसन्धान तथा, पोष्टर, फ्याक्ट सिट, जानकारी पत्रहरू, रेडियो जिंगल, वृत्त चित्रहरूको प्रकाशन, प्रसारण तथा वितरणका साथै यसबाट प्रत्यक्ष प्रभावित ग्रिल व्यवसायी एवं कामदारहरूलगायत सबै सरोकारवालाहरूमा आवश्यक जनचेतना तथा क्षमता अभिबृद्धि गर्दै आएको कार्यलाई उच्च मूल्याङ्कन गर्दै उहाँले नेतृत्व गर्दै आएको जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रलाई संयुक्त राष्ट्रसंघीय पप्स महासन्धिअर्न्तगत पी.सी.बी. उन्मूलन सञ्जाल (PCB Elimination Network) द्वारा प्रदत पुरस्कार "PEN Award 2011" ले पनि सन् २०११ अप्रिल २८ तारिखमा सम्मानित गरिएको छ ।

यसका साथै उहाँ वातावरण शिक्षाको माध्यमबाट वातावरण प्राविधिक उत्पादन गर्ने उद्देश्य लिएर प्रथम पटक स्थानीय निकाय भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खोप कलेज र निजी स्तरमा सञ्चालित गोलडेनगेट कलेजको वातावरण विभागमा स्नातक एवं स्नात्तकोत्तर तहका लागि आसिंक प्राध्यापकको रूपमा पनि कार्यरत हुनुहुन्छ ।

उहाँ वातावरण संरक्षण, वातावरणीय न्याय तथा जनस्वास्थ्यसम्बन्धी कार्यरत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था तथा सञ्जालहरू जस्तैः Environment Law Alliance Worldwide (ELAW), Toxics Link, International POPs Elimination Network (IPEN), Health Care Without Harm (HCWH), Global Alliance for Incinerator Alternative (GAIA), Collaboration for Health and Environment (CHE), Zero Mercury Working Group (ZMWG/EEB) आदिको सक्रिय संस्थागत एवं व्यक्तिगत रूपमा सदस्य समेत हुनुहुन्छ । उहाँको हालसम्म करिब दुई दर्जनभन्दा बढी अनुसन्धानात्मक लेख, रचना र प्रतिवेदनहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र पत्रिका, जर्नल एवं पुस्तकहरूमा प्रकाशित भैसकेका छन् भने उहाँले नेपाललगायत अमेरिका, स्वेडेन, स्पेन, ईटली, स्विट्जरल्याण्ड, काजकीस्तान, दक्षिण कोरिया, फिलिपिन्स, जापान, चीन, नाईजेरीया, भारत, पाकिस्तान आदि मुलुकहरूमा आयोजित विभिन्न सभा सम्मेलनहरूमा वातावरण तथा जनस्वास्थ्यका विभिन्न पक्षमा ३० वटा भन्दाबढी अनुसन्धानमूलक कार्यपत्रहरू प्रस्तुत गरिसक्नु भएको छ । उहाँले वातावरण संरक्षण तथा जनस्वास्थ्यको क्षेत्रमा अनवरत रूपले लामो समयसम्म योगदान पुऱ्याउँदै आउनु भएको छ ।